# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, नेपाल

प.सं. :०८१/८२

च.नं.

**रोष्टरमा सुचिकृत हुने सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित भएको मिति : २०८१/०५/१२**

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम (आ.व.२०८१/०८२) अनुसार प्रदेश युवा सञ्जाल गठन तथा परिचालन कार्यक्रम, युवा क्लब प्रशिक्षण र परिचालन कार्यक्रम र युवाको नेतृत्व तथा क्षमता विकास कार्यक्रम सञ्चालनको लागी युवा नीति, युवा बहसका विषयहरु, युवा परिचालन सन्दर्भमा व्यवस्था गरिएका नीतिगत र कानूनी कुराहरु र तिनीहरुको व्यवहारिक अभ्यास, विकासमा युवाको भूमीका, आवश्यकता र सहभागीता, नीति, नेतृत्व क्षमता विकासका विभिन्न आयामहरु लगायत विविध विषयहरुमा युवाहरुलाई प्रोत्साहनमुलक, प्रेरणामुलक र नेतृत्व र क्षमतामुलक एवं कानूनी ज्ञानमुलक प्रशिक्षण दिई युवालाई सरकारी र विकास निर्माण साथै सामुदायिक परिचालनका क्षेत्रमा समेत परिचालन गर्न सक्ने गरी प्रशिक्षण र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागी प्रशिक्षकको रुपमा सहभागिता जनाउन ईच्छुक देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले देहाय बमोजिमका प्रमाण कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको ३० दिन भित्र मन्त्रालयको रोष्टर सुचीमा सुचीकृत हुनका लागी यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यताका प्रमाणपत्रहरु (न्यूनतम स्नातक तह वा सो सरह)
३. प्रशिक्षक भै कामकाज गर्न लिएको अनुमती पत्र
४. प्रशिक्षकको रुपमा कामकाज गरेको अनुभवका प्रमाणपत्रहरु
५. प्रशिक्षण गर्न सक्ने र प्रशिक्षण गर्न चाहेका युवासँग सम्बन्धित विषयवस्तुहरु (कार्यपत्र सहित)
६. स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि
७. नैतिक तथा फौजदारी अभियोगमा अदालतबाट कुनै पनि सजाय नपाएको स्व-घोषण पत्र

**प्रशिक्षकको सेवासुविधा:**

१. प्रदेश खर्चको मापदण्ड,२०७९ मा व्यवस्था भए बमोजिम

महाशाखा प्रमुख

युवा तथा खेलकुद महाशाखा

**उप सचिव**